आज मिति २०७६।०५।०८ गते आइतबारका दिन बिहान ०८:०० बजे लिखु गाउँपालिका, गाउँ कार्यपालिकाका अध्यक्ष श्री ध्रुब श्रेष्ठज्यूको अध्यक्षतामा देहायका पदाधिकारीज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाका उनन्चालिसौं बैठक बसी विभिन्न प्रस्ताव उपर छलफल गरी निर्णय गरियो ।

<u>उपस्थित पदाधिकारी तथा महानुभावहरु</u>

श्री ध्रुव श्रेष्ठ, अध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री रोजिना राई, उपाध्यक्ष लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री नरहरी पाण्डे, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री भिम बहादुर घले, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री ~~रत्न~~ पदम बहादुर राई, प्र.वा. वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री भोला प्रसाद सेढाई, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री रामकृष्ण श्रेष्ठ, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री हरिशरण लामिछाने, वडाध्यक्ष, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री श्रृजना बागदास, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री शान्ति राई, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री इन्दिरा लोहनी, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री लक्ष्मी राई, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री इन्द्र बहादुर घर्ती, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री विष्णु बहादुर घले, सदस्य, लिखु गाउँपालिका, गाउँ कार्यपालिका, नुवाकोट

श्री सुरज अर्याल, प्रमुख प्रशासकीय अधिकृत, लिखु गाउँ कार्यपालिकाको कार्यालय, नुवाकोट

<u>अन्य आमन्त्रित</u>

श्री रामचन्द्र लामिछाने, कार्यक्रम अधिकृत, लिखु गाउँ कार्यपालिकाको कार्यालय, नुवाकोट

श्री उपेन्द्र प्याकुरेल, सूचना प्रविधि अधिकृत, लिखु गाउँ कार्यपालिकाको कार्यालय, नुवाकोट

श्री बसन्तराज पोखेल, नायब सुब्बा, लिखु गाउँ कार्यपालिकाको कार्यालय, नुवाकोट

श्री सुमन तामाङ , सह लेखापाल, लिखु गाउँ कार्यपालकाको कार्यालय, नुवाकोट

**मिति २०७६ साल भाद्र ८ गते आइतबार बसेको लिखु गाउँ कार्यपालिकाका बैठकको निर्णयहरु**

१.आ.व. २०७६।०७७ को स्वीकृत बजेट अन्तरगत सरकारी वित्तीय हस्तान्तरण मार्फत 'एक विद्यालय एक नर्स कार्यक्रम' संचालनका लागि प्रदेश मन्त्रीपरिषद्बाट स्वीकृत भएको 'एक विद्यालय एक नर्स कार्यक्रम संचालन कार्यविधि, २०७६' को परिच्छेद ३ विद्यालय छनौट र संचालन सम्बन्धी व्यवस्थाको दफा ४ को उपदफा २ के खण्ड (१) को प्रयोजनको लागि नारायणदेवी मा.वि.,लिखु ०१, बर्राफेदीलाई छनौट गर्ने निर्णय गरियो ।

२.लिखु गाउँपालिकाको 'घ' वर्गको निर्माण व्यवसायी इजाजत सम्बन्धी कार्यविधि, २०७४ को अनुसूची ०५ 'घ' वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता को बुँदा ३ मेशीन र उपकरण शीर्षकको 'क' टि्पर/ट्रयाक्टर (एक/एक थान) भन्ने वाक्यांश अनुसूचीबाट हटाइ संशोधन गर्ने निर्णय गरियो ।

३. यस गाउँपालिका क्षेत्रभित्र पर्ने तादी र लिखु खोलाबाट संकलन र उत्खनन् हुने नदीजन्य पदार्थहरु एवं कवाडी तथा अन्य वस्तुहरुमा तोकिएको दररेटमा आ.व. २०७६/०७७ को लागि कर असूली गर्ने कार्यको लागि राजस्व परामर्श समितिको सिफारिसको आधारमा लिखु गाउँ कार्यपालिकाको बैठकबाट न्युनतम् अंक रु २८१०००००।०० दुई करोड एकासी लाख (मु.अ. कर बाहेक) कायम गरी मिति २०७६।०३।१५ गतेको गोरखापत्र राष्ट्रिय दैनिकमा विद्युतीय प्रणाली मार्फत बोलपत्र आव्हानको लागि सूचना प्रकाशन गरिएकोमा निर्धारित समयमा पर्न आएका वोलपत्रहरु मिति २०७६।०४।१४ गते दिनको २.०० बजे खोलिँदा डि.जि. प्रकाश कन्सट्रक्सन, तारकेश्वर ११, काठमाण्डौले रु ३५४०६०००।०० तीन करोड चौवन्न लाख छ हजार (मु.अ. कर बाहेक) र क्षेत्रपाल इसाही निर्माण सेवा जे.भी. चौघडा ०८, नुवाकोटले ३०५०००००।०० तीन करोड पाँच लाख (मु. अ.कर बाहेक) अंक कबोल गरी बोलपत्र दाखिला गरेको र यसरी पर्न आएका बोलपत्रहरु बोलपत्र मूल्यांकन समितिबाट मूल्यांकन हुँदा कार्यालयबाट प्रकाशित सूचनामा उल्लेख भए बमोजिमको प्रकृया पुरा गरी सबभन्दा बढी अंक रु ३५४०६०००।०० तीन करोड चौवन्न लाख छ हजार (मु.अ. कर बाहेक) डि.जि. प्रकाश कन्सट्रक्सन, तारकेश्वर ११, काठमाण्डौले कबोल गरेकोले निजले पेश गरेको बोलपत्र सार्वजनिक खरिद ऐन २०६३ को दफा २५ (८) बमोजिम सारभूत रुपमा प्रभावग्राही देखिएको हुँदा उक्त बोलपत्र स्वीकृतिको लागि मूल्यांकन समितिको मिति २०७६।०४।२७ गतेको बैठकबाट सिफारिस समेत भएकोले डि.जि. प्रकाश कन्सट्रक्सन, तारकेश्वर ११, काठमाण्डौले पेश गरेको बोलपत्र स्वीकृत गर्ने र सार्वजनिक खरीद ऐन, २०६३ तथा सार्वजनिक खरीद नियमावली, २०६४ बमोजिम ठेक्का सम्झौता गर्न सात दिन अवधिको समय दिई आशयको सूचना प्रकाशन गरी सम्झौताको कार्य अघि बढाउने ।

४. लिखु गाउँपालिकाको १५ देखि २५ शैयाको अस्पताल चौघडा स्वास्थ्य चौकी लिखु ०४ मा निमाण गर्ने र सो निर्माणको लागि आवश्यक स्रोतको व्यवस्था गर्न स्वास्थ्य मन्त्रालयलाई अनुरोध गर्ने ।

५. साविक जिल्ला विकास समितिको कार्यालय अन्तर्गत संचालनमा रहेको स्थानीय विकास कोष मार्फत लिखु गाउँपालिका भित्र ऋण पूँजी वापत लगानीमा रहेको रकमलाई अझ प्रभावकारी रुपमा परिचालन गर्न स्थानीय विकास कोष (स्थापना र संचालन) नियमावली, २०७६ बनाई लागू गर्ने ।

६. स्थानीय तह कोष व्यवस्थापन प्रणाली (SUTRA) मा योजना प्रविष्टि गर्ने कार्यमा खटिएका देहायका कर्मचारीलाई न्यूनतम एक महिना बराबरको शुरुस्केलको तलब वापतको रकम प्रोत्साहनभत्ता स्वरुप योजना कन्टिन्जेन्सीबाट व्यहोर्ने ।

सुरज अर्याल प्रमुख प्रशासकीय अधिकृत

रामचन्द्र लामिछाने योजना अधिकृत

उपेन्द्र प्याकुरेल सूचना प्रविधि अधिकृत

सुमन तामाङ सह-लेखापाल

७. एक गाउँ एक प्राविधिक कार्यक्रम अन्तर्गत कार्यरत कृषि प्राविधिकको करार म्याद, २०७६ असार मसान्तमा सकिएको तथा आ.व. २०७६।०७७ को लागि निज कर्मचारीको तलब भत्ता वापतको रकम केन्द्रबाट सशर्त अनुदानको रुपमा प्राप्त नभएकोले निज कर्मचारीको तलब गाउँपालिकाको आन्तरिक स्रोतबाट व्योहोर्ने गरी २०७६ श्रावण १ गते देखि नै लागू हुने गरी २०७६ पौष मसान्त सम्म करार सम्झौता गर्ने ।

८. देहायका कर्मचारीको २०७६ साल श्रावण १ गते देखि नै लागू हुने गरी २०७६ पौष मसान्त सम्म समान पदका कर्मचारीको हकमा संघीय सरकारले तोकेको तलबको शुरुस्केल र सामाजिक परिचालकको हकमा साविकमा खाईपाई आएको तलब भत्तामा २० प्रतिशत थप तलबमानमा नबढ्ने गरी पुनः सेवा करार गर्ने ।

| क्र.सं | कर्मचारीको नाम | पद | कार्यरत शाखा | पारिश्रमिक व्यहोर्ने स्रोत | कैफियत |
|---|---|---|---|---|---|
| १ | उपेन्द्र प्याकुरेल | सूचना प्रविधि अधिकृत | सूचना तथा सञ्चार प्रविधि शाखा | आन्तरिक स्रोत | |
| २ | सैलेन्द्रप्रकाश पाण्डे | सब इन्जिनियर | पुर्वाधार तथा भवन नियमन शाखा | आन्तरिक स्रोत | |
| ३ | रामेश्वर नेपाल | अ.सव इन्जिनियर | पुर्वाधार तथा भवन नियमन शाखा | आन्तरिक स्रोत | |
| ४ | मालती पाण्डे | ना.प्रा.स | आर्थिक विकास शाखा, कृषि, सहकारी तथा पशुपन्क्षि उपशाखा | आन्तरिक स्रोत | |
| ५ | कविता पुडासैनी | ना.प्रा.स | आर्थिक विकास शाखा, कृषि, सहकारी तथा पशुपन्क्षि उपशाखा | आन्तरिक स्रोत | |
| ६ | गौरि राई | खा.पा.सा.टे | लिखु गाउँपालिका १ नं. वडा कार्यालय | आन्तरिक स्रोत | |
| ७ | सानुमैयाँ तामाङ | कार्यालय सहायक | लिखु गाउँपालिका ३ नं वडा कार्यालय | आन्तरिक स्रोत | |
| ८ | अप्सरा ढकाल | सहायक कम्प्युटर अपरेटर | लिखु गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय | आन्तरिक स्रोत | |
| ९ | निशा श्रेष्ठ | ल्याव असिस्टेन्ट | चौघडा स्वास्थ्य चौकि, चौघडा । | आन्तरिक स्रोत | |
| १० | निर्मला राई | अ.न.मी. | चौघडा स्वास्थ्य चौकि, चौघडा । | सशर्त अनुदान | |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | सरिता न्यौपाने | अ.न.मी. | चौघडा स्वास्थ्य चौकि, चौघडा । | सशर्त अनुदान | |
| १२ | जुनिल श्रेष्ठ | सामाजिक परिचालक | लिखु गाउँपालिका ६ नं. वडा कार्यालय | आन्तरिक स्रोत | |
| १३ | समिता दुलाल | सामाजिक परिचालक | लिखु गाउँपालिका, २ नं. वडा कार्यालय | आन्तरिक स्रोत | |
| १४ | विमला तामाङ | सामाजिक परिचालक | लिखु गाउँपालिका, ३ नं. वडा कार्यालय | आन्तरिक स्रोत | |
| १५ | अप्सरा लामीछाने मैनाली | सामाजिक परिचालक | लिखु गाउँपालिका, ४ नं. वडा कार्यालय | आन्तरिक स्रोत | |
| १६ | अम्विका भट्टराई | सामाजिक परिचालक | लिखु गाउँपालिका, ६ नं. वडा कार्यालय | आन्तरिक स्रोत | |
| १७ | रामशरण मैनाली | कार्यालय सहायक | लिखु गाउँपालिका, ४ नं वडा कार्यालय | आन्तरिक स्रोत | |
| १८ | हेम प्रसाद भट्ट | कार्यालय सहयोगी | लिखु गाउँपालिका, १ नं वडा कार्यालय | आन्तरिक स्रोत | |
| १९ | भरत सुवेदी | कार्यालय सहयोगी | लिखु गाउँपालिका, गाउँ कार्यपालीकाको कार्यालय | आन्तरिक स्रोत | |
| २० | जमुना कुमाल | कार्यालय सहयोगी | लिखु गाउँपालिका, गाउँ कार्यपालीकाको कार्यालय | आन्तरिक स्रोत | |
| २१ | सिता भण्डारी | कार्यालय सहयोगी | चौघडा स्वास्थ्य चौकि, चौघडा । | सशर्त अनुदान | |
| २२ | उत्तम पाठक | कार्यालय सहयोगी | थानसिङ आर्युवेद औषधालय, लिखु ६, नुवाकोट । | आन्तरिक स्रोत | |
| २३ | नवराज लामिछाने | कार्यालय सहयोगी | खानीगाउँ स्वास्थ्य चौकि, चौघडा । | सशर्त अनुदान | |
| २४ | गोकर्ण राई | कार्यालय सहयोगी | लिखु गाउँपालिका, ४ नं. वडा कार्यालय | आन्तरिक स्रोत | |
| २५ | शालिकराम अधिकारी | ह.स.चा. | लिखु गाउँ कार्यपालिकाको कार्यालय | आन्तरिक स्रोत | |
| २६ | विन्दा पाठक | सरसफाइ सहयोगी | लिखु गाउँ कार्यपालिकाको कार्यालय | आन्तरिक स्रोत | |